नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

## पाठ्यसामग्री मूल्याङ्कनसम्बन्धी सूचना

मौजुदा शिक्षा ऐन तथा नियमावलीमा विद्यालयले पाठ्य सामग्री प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान र पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा विवरण निर्देशिका २०७६ मा भएको व्यवस्थाअनुसार २०७८ (कक्षा ११ को हकमा शैक्षिक सत्र २०७७) देखि लागु हुने गरी पाठ्यसामग्रीका रूपमा सामग्री स्वीकृत गराउन चाहने प्रकाशक तथा लेखकहरूले निम्नानुसारको समयावधिभित्र स्वीकृतिका लागि आवश्यक कागजातसहित निवेदन पेस गर्न सूचना प्रकाशन गरिएको छ । तपसिलबमोजिमको सेवा शुल्क (राजस्व) राष्ट्रिय वाणिज्य बैङ्क पुरानो ठिमी, भक्तपुरमा रहेको राजस्व खाता नम्बर क १०००२०००१०००० राजस्व शीर्षक नम्बर १४२२३ र पाठ्यक्रम विकास केन्द्रको कार्यालय कोड नम्बर ३५००२३३०१ मा रकम दाखिला गरेको भौचरको सक्कलप्रतिसहित थप पाठ्य सामग्री यस केन्द्रमा पेस गर्नुपर्ने कुरा जानकारी गराइन्छ ।

तपसिल

| क्र.स. | कक्षा | प्रति सामग्री राजस्व दर रू. |
|---|---|---|
| १. | कक्षा १ देखि कक्षा ३ सम्म | १०,०००/- |
| २. | कक्षा ४ देखि कक्षा ८ सम्म | १५,०००/- |
| ३. | कक्षा ९ र १० | १७,०००/- |
| ४. | कक्षा ११ र १२ | २०,०००/- |

**सामग्री पेस गर्नुपर्ने समय** : कक्षा ६, ११ र १२ का पाठ्यसामग्रीका हकमा २०७७ साल पौष मसान्तसम्म र अन्य कक्षाका सामग्रीका हकमा २०७७ साल कात्तिक मसान्तसम्म ।

**मूल्याङ्कनकालागि सामग्री पेस गर्दा अपनाउनुपर्ने विधि र सर्त**

(१) लेखक वा प्रकाशकले कक्षा १ देखि कक्षा १२ सम्मका विद्यार्थीको सिकाइ सहजीकरणका लागि कक्षाकोठामा प्रयोग गर्ने उद्देश्यले तयार पारेका मुद्रित सामग्री स्वीकृतिकालागि पेस गर्नुपर्ने छ । निर्धारित पाठ्यक्रम संरचनाअनुसार तयार नभएका वा पाठ्यक्रमले तोकेभन्दाबाहेक विभिन्न विषयलाई एउटै विषयमा समेटी तयार पारिएका वा पाठ्यक्रममा उल्लेख नभएका विषयका सामग्री स्वीकृत हुने छैनन् ।

(२) सामाजिक अध्ययन विषय नेपाली वा नेपालमा उत्पत्ति भएका मातृभाषाका माध्यमले पठनपाठन गराउनु पर्ने भएकाले हाम्रो सेरोफेरो, सामाजिक अध्ययन, सामाजिक अध्ययन र मानवमूल्य शिक्षा, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको माध्यम भाषा पनि सोहीअनुसार हुनुपर्ने छ ।

(३) विषयवस्तु, अभ्यास, चित्र, लेआउट डिजाइनसहितको पूर्ण स्वरूपका सामग्री (Complete Document) तीन-तीन प्रतिका दरले पेस गर्नुपर्ने छ । अपूर्ण स्वरूपका सामग्री उपर कुनै कारवाही हुने छैन ।

(४) सामग्रीमा सामग्रीको नाम, लेखकको नाम र नेपाल सरकारले तोकेको मापदण्डअनुसारको कागज तथा छपाइ गुणस्तर हुनुपर्ने छ । कागज तथा छपाइ गुणस्तरसम्बन्धी जानकारी यस केन्द्रबाट प्राप्त गर्न सकिने छ ।

(५) निवेदनसाथ लेखकले लेखन/प्रकाशनका लागि दिइएको स्वीकृति र व्यक्तिगत विवरणसमेत अनिवार्य पेस गर्नुपर्ने छ ।

(६) आधारभूत तहका लागि कम्तीमा स्नातक र माध्यमिक तहका लागि कम्तीमा स्नातकोत्तर तथा शिक्षण/प्रशिक्षण, अनुसन्धान, लेखनको क्षेत्रमा कम्तीमा पाँचवर्षको अनुभव भएको लेखक हुनुपर्ने छ ।

(७) सामग्री प्रकाशन गर्दा केन्द्रको प्रकाशन शैलीअनुसार भाषिक तथा साजसज्जागत सम्पादन गर्नुपर्ने छ । सामग्रीको अधिकतम पेजसङ्ख्या कक्षा र विषयको प्रकृति हेरी सामान्यतः तपसिल बमोजिम हुनुपर्ने छः

| क्र.स. | कक्षा | अधिकतम पेज सङ्ख्या |
|---|---|---|
| १. | कक्षा १ देखि कक्षा ३ सम्म | २५० |
| २. | कक्षा ४ देखि कक्षा ५ सम्म | ३०० |
| ३. | कक्षा ६ देखि कक्षा ८ सम्म | ३५० |
| ४. | कक्षा ९ र १० | ४०० |
| ५. | कक्षा ११ र १२ | ६५० |

(८) सामग्रीमा लेखकको नाम र शैक्षिक योग्यताबाहेक तस्विर वा अन्य विवरण राख्न पाइने छैन ।

(९) प्रकाशन गृहहरूले पाठ्यसामग्री पेस गर्दा नियमानुसार दर्ता भएको, कर तिरेको र नवीकरणसमेत भएको हुनुपर्ने छ ।

(१०) तोकिएको समयावधिपछि पेस हुन आएका सामग्रीलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन र स्वीकृति नलिई सामग्री बिक्री वितरण गरेको पाइएमा नियमानुसार कारवाही हुने छ । अन्यको हकमा प्रचलित ऐन नियम, निर्देशिका र केन्द्रको निर्णयानुसार हुने छ ।

(११) थप जानकारीका लागि फोन : ६६३४९१६, ६६३०५८८, वेबसाइट : www. moecdc.gov.np

२०७७/०८/१५